सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं: २०८०/८१

## सूचना प्रविधि अधिकृत (IT Officer) करार सेवामा पदपूर्ति गर्ने सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः२०८०/१०/०३/ने.सं.-११४४, पोहेलाथ्व, ७ बुधवार)

यस कार्यालयको लागि देहाय बमोजिमको पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ०७/०८०/८१ | सूचना प्रविधि अधिकृत (IT Officer) | स्थानीय सेवाको अधिकृत छैटौं तह सरह | १ एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः
- मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको बिषयहरु मध्ये कुनै एक बिषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, Bsc.CSIT, BE. Electronics and Communication Engineering/ BTech. Electronics and Communication Engineering) उतीर्ण गरेको ।
- सम्बन्धित क्षेत्रको अनुभव हासिल गरेको उम्मेदवारलाई विशेष ग्राह्यता दिइनेछ ।

२. उम्मेदवारको उमेर हदः दरखास्त दिने मितिसम्म २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

३. दरखास्त दिने स्थानः सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुङ्गा ।

४. दरखास्त दिने अन्तिम मितिः२०८०।१०।१७ गतेसम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयभित्र ।

५. दरखास्त दस्तुरः रु.१०००।- (अक्षेरुपी एक हजार मात्र) ।

६. परीक्षाको किसिमः प्रारम्भिक योग्यताक्रमको छोटो सूची प्रकाशन, लिखित परीक्षा, प्रयोगात्मक तथा अन्तरवार्ता परीक्षा ।

७. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजको फोटो र व्यक्तिगत बिवरण, (कागजातहरुको प्रतिलिपि दरखास्तवाला स्वयंले प्रमाणित गरेको हुनुपर्ने) ।

८. मासिक तलव सुविधाः स्थानीय तहको समान पदले पाउने आधारभूत तलब रकम ।

९. उल्लिखित पदहरुको दरखास्त फाराम र कार्यबिवरण यस कार्यालयको Website:www.siddhicharanmun.gov.np मा समेत उपलब्ध हुनेछ ।

१०. दरखास्त दस्तुर वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ओखलढुङ्गा शाखाको हिसाब नम्बर २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद पेश गर्नु पर्नेछ ।

११. परीक्षा मितिः पछि प्रकाशन गरिनेछ ।

- थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०३७-५२०२१३ र मोवाइल नं. ९८५२८४३३३३ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत